
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २०७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन २६ गते बिहीबार ❑ 11 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखराको प्याराग्लाइडिङलाई कायमै राख्न उपाय खोज्छौँ : मन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ साउन**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले पोखराको ब्राण्डका रुपमा रहेको प्याराग्लाइडिङ व्यवसाय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनपछि समेत कायमै राख्ने उपाय खोजिने बताउनुभएको छ।



समाजवादी प्रेस सङ्गठनले बुधबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा मन्त्री श्रेष्ठले विमानको सुरक्षामा कुनै असर नपर्ने गरी प्याराग्लाइडिङ व्यवसायलाई कायमै राख्न प्रयत्न गरिने बताउनुभयो। अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि हालको प्याराग्लाइडिङ विस्थापित हुनुपर्ने चिन्ताले यहाँका पर्यटन व्यवसायीलाई चिन्तित बनाएको छ । मन्त्री श्रेष्ठले भन्नुभयो, "पोखराको ब्राण्ड बनिसकेकाले पर्यटन व्यवसायीले प्याराग्लाइडिङको संरक्षणको माग गर्नुभएको छ । विमानको सुरक्षामा कुनै सम्झौता गर्नु हुँदैन । सुरक्षामा असर नपर्ने गरी प्याराग्लाइडिङ व्यवसाय कुनै उपाय हुँदासम्म कायम गर्नुपर्दछ भनेर लागि परेका छौं ।" मन्त्री श्रेष्ठले आगामी अङ्ग्रेजी नयाँवर्षदेखि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याइने बताउनुभयो । हालसम्म ९८ प्रतिशत काम सकिएको विमानस्थल सन् २०२३ को जनवरी १ देखी सञ्चालनमा ल्याउने निर्णय केही दिनअघि नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले गरेको उहाँले जानकारी दिनुभयो। मन्त्री श्रेष्ठले विमानस्थल सञ्चालनका लागि समस्याका रुपमा रहेको रिठेपानी डाँडा कटान र ल्याण्डफिल साइट व्यवस्थापनको काम छिट्टै अघि बढाइने बताउनुभयो ।

सातै प्रदेशमा एक वर्षभित्रमा नेपाल एकेडेमी अफ टुरिजम एन्ड होटल म्यानेजमेन्ट (नाथुम)को कलेज स्थापना गर्ने सरकारको योजना रहेको उहाँले बताउनुभयो । सुरुआतमा गण्डकी, लुम्बिनी र मधेश प्रदेशमा सो कलेज स्थापनाको योजना रहेको मन्त्री श्रेष्ठले बताउनुभयो। पर्यटन क्षेत्रमा दक्ष जनशक्तिको माग बढ्दै गएकाले पूर्ति गर्नका लागि नाथुमले सफलता प्राप्त गर्ने र पर्यटन शिक्षा चाहनेहरु काठमाडौँ जानुपर्ने अवस्था अन्त्य हुने विश्वास मन्त्री श्रेष्ठको छ । प्रदेशमा नाथुम कलेज स्थापनाका लागि काठमाडौँ विश्वविद्यालयसँग सम्झौता भइसकेको उहाँले जानकारी दिनुभयो ।

## संघीयताको पहिचान नै प्रदेश संरचना : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ साउन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले आम नागरिकको चासो र चिन्ताका विषयमा सरकारले निकै सजगताका साथ काम गर्ने सरकारको जिम्मेवारीमा कुनै कमी आउन नदिने बताएका छन् ।



नीति तथा योजना आयोगले बुधबार पोखरामा गरेको प्रदेश विकास समास्या समाधान समितिको बैठक एवं गत आवको वार्षिक प्रगति समीक्षा बैठकमा उद्घाटन मन्तव्य राख्दै उनले संघीयताको पहिचान नै प्रदेश संरचना भएकाले यसले ५ वर्षको अवधिमा उल्लेखनीय काम भएको उनले बताए । प्रदेशमा सडक सञ्जालदेखि खानेपानी, विद्युतीकरण लगायतका क्षेत्रमा समेत गण्डकी प्रदेश सरकारले उल्लेखनीय काम गरेको उनको भनाइ थियो। शून्यबाट सुरु भएको प्रदेश सरकारले ५ वर्ष बित्नै लाग्दा ५० भन्दा बढी कानुन निर्माण, त्यसै अनुसारका नियमावली, कार्यविधि बनाएर अगाडि बढेको मुख्यमन्त्रीले बताए । यति हुँदा हुँदै पनि जन अपेक्षा पूरा गर्ने गरी सेवा प्रवाह र विकासको कार्यलाई अझै द्रुतता दिन नसकेको स्वीकार उनले गरे। उनले भने, गत वर्षको अनुभवबाट पाठ सिकेर चालु आर्थिक वर्षमा हामी विशेष सफलता हासिल गर्न सफल हुने अपेक्षा गरेको छु। प्रदेशले लिएको उच्च आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न थप मेहनत गर्नुपर्ने उनको भनाइ थियो । उनले भने, गएको आर्थिक वर्षमा विकास निर्माणका काममा के कस्ता प्रगति भए । वार्षिक बजेट तथा कार्यक्रमको कार्यन्वयन के कति प्रभावकारी भयो ? हामीले सम्पादन गरेका कामबाट प्रदेशको आर्थिक र सामाजिक विकासमा कति सुधार भयो ? त्यसको लेखा जोखाका अतिरिक्त कमि कमजोरी पहिचान गरी त्यसलाई चालु आर्थिक वर्षमा दोहरिन नदिनका लागि आवश्यक तयारी गर्न समेत यो समीक्षा उपयोगी हुनेछ।

विकास निरन्तरको प्रक्रिया भएकाले यसमा आउने अवरोध छिचोल्दै जनचाहना बमोजिमका काम गर्नु सरकारको जिम्मेवारी रहेको उनको भनाइ थियो । गत वर्ष आफ्नो नेतृत्वमा गठबन्धन सरकार निर्माण भएदेखि बाढी पहिरोले निकै समस्या सिर्जना गर्नुका साथै कोभिड–१९ को प्रभाव भए पनि जोखिमको सामना गर्दै प्रदेश सरकारले संघ र स्थानीय तहसँगको सहकार्यमा महत्वपूर्ण कामहरु सम्पादन गर्दै आएको उनले उल्लेख गरे।

बैठकमा गत वर्षका कामको प्रगति समीक्षाका अतिरिक्त विकासमा झेल्नु परेका समस्या समेत पहिचान गरी त्यसको समाधानको उपाय पहिल्याइनेछ । प्रदेशबाट हामीले समाधान गर्न सक्ने विषयहरु हामीले समाधान गर्ने र नसक्ने विषय प्रधानमन्त्रीको अध्यक्षतामा हुने राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेश गरिनेछ । मुख्यमन्त्री पोखरेलले गत आवमा प्रदेशको पुँजीगत खर्च ७८.०५ प्रतिशत रहे पनि यसलाई वृद्धि गर्ने पर्याप्त आधार रहेको बताए । प्रदेशले बनाएको आवधिक योजनामा आर्थिक वृद्धिदर करिव ६.१७ प्रतिशत पुग्ने अपेक्षा गरिएको भन्दै राजस्व परिचालनको क्षेत्रमा पनि प्रदेशको अवस्था सन्तोषजनक नै रहेको

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## गुणस्तरिय काम गर्नुहोस सडक निर्माणमा आर्थिक अभाव हुदैन: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ साउन**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले पोखरा २२ मा निर्माण हुन लागेको नेटा लुकुन्स्वाँरा-वडा देखि पुम्दीकोटसम्म पिच सडक निर्माणमा रकम अभाव नहुने बताउनु भएको छ । उक्त पिच सडकको बुधबार शिलन्यास गर्दै मन्त्री बरालले पुम्दी भुम्दीको रणनितीक महत्व रहेको उक्त बाटो निर्माणमा रकम अभाव नहुने बताउनु भएको हो ।



उक्त सडक निर्माणको क्रममा सबैले मन खुलेर सहयोग गर्न आग्रह गर्दै मन्त्री बरालले समयमै र गुणस्तरिय सडक निर्माणमा जुट्न आग्रह गर्नु भयो । सडक विस्तारको क्रममा जग्गा उपलब्ध गराउने बिषयमा जसले पहिला केही गुमाउछ प्रतिफल पहिला उसैले हात पार्ने मन्त्री बरालको भनाई थियो ।

समयमै उक्त परियोजना सम्पन्न गर्न सबैको सकरात्मक भूमि आवश्यक भएको मन्त्री बरालको भनाई थियो। पुम्दीकोट बिशाल महादेवको मुर्ति निर्माणले हाल पुम्दी भुम्दीको पहिचान भएको उल्लेख गर्दै मन्त्री बरालले अब पोखराको बजार देखि पुम्दीकोटसम्मको पिच सडक निर्माणले पुम्दी भुम्दीको आर्थिक बिकासमा थप टेवा पुग्ने विश्वास व्यक्त गर्नु भयो ।

पोखराको छोरोपाटन खाल्से हुदै कुभिन्डे सडक निर्माण प्रकृया समेत अघि बढेको बताउदै मन्त्री बरालले पोखराको मुख्य बजार देखि नजिक भएर पनि यस क्षेत्रको विकासमा रणनीतीक महत्वका सडक निर्माण नहुदा धेरै पछि परेको बताउनु भयो । धेरै कठिनायिका बाबजुत पनि सामुहिक प्रयत्नका कारण उक्त सडक निर्माण हुने अबस्थामा आएको मन्त्री बरालले बताउनु भयो । इतिहासलाई नर्बिसिन आग्रह गर्दै मन्त्री बरालले रणनितीक महत्वका कामको नेतृत्व लिने व्यक्ति जनताको मनमा सधै रहने दाबी गरे । उक्त सडक निर्माणकोा क्रममा जग्गा दान गर्नेहरुलाई पोखरा २२ वडा कार्यालयले एक समारोहका बिच भव्य रुपमा सम्मान गर्ने भएको वडा अध्यक्ष हिमलाल बरालले बताउनु भयो। अर्थ मन्त्री बरालकै बिषेश पहलमा उक्त सडक सहित पुम्दी भुम्दीका ठाँउमा सम्बोधन भएको अध्यक्ष बरालले बताउनु भयो । उक्त निर्माण कम्पनी एम/एस फेवा पिप्ल जे भि पोखराको प्रेम पहारीले उक्त परियोजनामा कुनै बाधा अबरोध नभएमा आउदो असार भित्र निर्माण कार्य सम्पन्न गर्ने दाबी गर्नु भयो। पूर्वाधार विकास कार्यालय कास्कीका इन्जिनियर हरि थापाले करिब साँढे तीन किलोमिटर, ८ मिटर चौडाईमा उक्त सडक पिच हुने भएको बताउनु भयो । २०८१ साउन १ गते भित्र सक्ने गरी उक्त निर्माण कम्पनीले ९ करोड ८८ लाखमा निर्माण गर्ने भएको उहाँले बताउनु भयो।

अबको ११ महिनामा नेटा लुकुन्स्वाँरा-पोखरा २२ को वडा देखि पुम्दीकोटसम्म पिच सडक निर्माण गर्ने निर्माण कम्पनीका मिर कुमार राईले जनाए । उक्त सडक निर्माण भएसंगै पुम्दी भुम्दीको विकासमा थप टेवा पुग्ने पुम्दीकोट कोट विकास समितिका अध्यक्ष चन्द्रकान्त बरालले बताए । उक्त सडक निर्माणमा आफुहरु कटिवद्ध भएको स्थानिय नवराज बरालले जनाए।

## स्याङ्जामा ६ हजार चार सय नयाँ मतदाता

**पोखरापत्र संवाददाता**
**वालिङ, २५ साउन**

स्याङ्जामा ६ हजार चार सय नयाँ मतदाता थपिएका छन् । गत वैशाखमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनपछि सुरु भएको मतदाता नामावली सङ्कलनमा ती मतदाता थपिएका हुन् ।

सरकारले आगामी मङ्सिर ४ गते प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनको मिति घोषणा गरेसँगै साउन १९ गतेसम्ममा नयाँ मतदाता थपिएका हुन् । साउन १९ पछि भने निर्वाचनको मिति घोषणा भएसँगै मतदाता नामावली सङ्कलन कार्य स्थगित भएको जिल्ला निर्वाचन कार्यालय स्याङ्जाका सूचना अधिकारी रामचन्द्र गौतमले जानकारी दिनुभयो। जिल्लाका ११ स्थानीय तह अन्तर्गत ९७ वटा वडाका सेवाग्राहीलाई पायक पर्ने गरी तीन स्थानमा फोटोसहितको मतदाता नामावली सङ्कलन गरिएको उहाँले बताउनुभयो । स्याङ्जामा जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालय वालिङमा नियमितरूपमा फोटोसहितको मतदाता नामावली सङ्कलन गरिएको थियो। "मतदाता नामावलीमा नाम लेखाउनका लागि दैनिक तीन वटै कार्यालयमा सेवाग्राहीको भीड हुने गर्थ्यो", उहाँले भन्नुभयो, "सरकारले निर्वाचनको मिति घोषणा गरेसँगै अब अरु तयारीमा लाग्नुपर्ने भएकाले मतदाता नामावली सङ्कलन कार्य स्थगित गरिएको छ।" नयाँ थपिएको सङ्ख्या जिल्लाभित्रका तीन वटा कार्यालयमा आई फोटोसहितको मतदाता नामावलीमा नाम लेखाउने मात्रै रहेको कार्यालयले जनाएको छ।

गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा स्याङ्जामा दुई लाख ४० हजार पाँच सय ३५ मतदाता थिए । अब जिल्लामा नयाँ थपिएकासहित दुई लाख ४६ हजार नौ सय ३५ मतदाता पुगेका जिल्ला निर्वाचन कार्यालय स्याङ्जाले जनाएको छ।

## तेक्वान्दोको रेफ्रि रिफ्रेसर तथा सेमिनार पोखरामा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ साउन**

गण्डकी प्रदेशका ६ वटा जिल्लामा तेक्वान्दो खेल सामाग्रि सहयोग हस्तान्तरण गरिएको छ। गण्डकी प्रदेशका कास्की, तनहुँ, म्याग्दी, पर्वत, बागलुङ, गोर्खा र नवलपुर जिल्लाको लागि तेक्वान्दो खेल सामाग्रि चेस कभर, हेड गार्ड किकिङ प्याड एक समारोहका बिच बुधबार पोखरामा सहयोग

**बाँकी अन्तिम पृष्ठमा ▶▶**




# नगर प्रमुखको ब्रह्माकुमारीजमा रक्षा सूत्र

पोखरापत्र संवाददाता
पोखरा, २५ साउन

रक्षाबन्धनको पूर्वसन्ध्यामा ब्रह्माकुमारी इश्वरीय विश्व विद्यालय एवम् राजयोग प्रशिक्षण केन्द्र नयाँबजार पोखराले संस्थाका समर्पित सदस्यहरुका लागि संगठनलाई एकता, आत्मिक प्रेम र मर्यादाको सुत्रमा बाँध्ने उद्देश्यका साथ संस्थाको नयाँबजारस्थित राजयोग सभाहलमा रक्षाबन्धन एवम् स्नेह मिलन कार्यक्रम सम्पन्न गरेको छ।



पोखरा महानगरपालिकाका नगर प्रमुख धनराज आचार्य ज्यूले प्रमुख अतिथिको आसनबाट शुभकामना व्यक्त गर्ने क्रममा अनुशासित, सभ्य र नैतिकवान समाज निर्माण गर्नमा अवश्य नै यस संस्थाका सशक्त नारीशक्तिको महत्वपूर्ण योगदान रहने कुरामा आफू विश्वस्त रहेको तथा महानगरको साथ र सहयोग संस्थाका हर कार्यप्रति सदा रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । संस्थाको मुख्यालय माउन्ट आबु समेत भ्रमण गरेर आइसक्नुभएका नगर प्रमुख आचार्यले यहाँ सेवारत आजीवन समर्पित सदस्यहरुको लगनशिलता, सर्मपणमयता, अनुशासन र संगठन देखेर आफू प्रभावित भएको कुरा बताउनुभयो । संस्थाका अध्यक्ष तथा कार्यक्रमका सभाध्यक्ष राजयोगिनी ब्र.कु. परिणीता दिदी ज्यूले शुभकामना तथा आशिर्वचन दिने क्रममा रक्षाबन्धन पाँच विकारहरुबाट आत्माको रक्षाको लागि बाँधिएको पावन एवं अलौकिक प्रेमको बन्धन भएकाले मन, वचन, कर्ममा धारण गरिने पवित्रताले नै मानिसको आचरणमा दिव्यता आउन सक्ने र जसको फलस्वरुप विश्वमा पुनः सुख, शान्ति सम्पन्न दैवी स्वराज्य स्थापना हुन सक्ने कुरा व्यक्त गर्नुभयो । कार्यक्रममा संस्थाको मुख्यालय माउन्ट आबुबाट मुख्य प्रशासिका राजयोगिनी डाक्टर दादी रतनमोहिनी ज्यूले पठाउनुभएको राखीलाई प्रमुख अतिथि एवम् सभा अध्यक्षले संयुक्त रुपमा विमोचन गर्नुभएको थियो भने राजयोगिनी दिदी ज्यूको हातबाट नगरप्रमुख ज्यू र उहाँको श्रीमतीले पनि रक्षासूत्र ग्रहण गर्नुभएको थियो ।

संस्थाका महासचिव राजयोगीब्र.कु.शैलेषराजबरालज्यूले रक्षाबन्धनको शुभकामना मन्तव्य व्यक्त गर्ने क्रममा संस्थाका गतिबिधिहरुका बारेमा जानकारी दिनुका साथै नगर प्रमुखलाई सफल कार्यकालको बधाई तथा शुभकामना दिनुभएको थियो । वहाँले अत्यन्तै व्यस्त जीवनशैलीमा तनावमूक्त रहेर कार्यकुशलता अभिबृद्धि गर्नका लागि मेडिटेसन लाभदायक रहने कुरामाथि जोड दिदैं नगर प्रमुख आचार्यलाई अन्तरमनलाई रिचार्ज गर्नका लागि मेडिटेसन सिक्न आग्रह पनि गर्नुभएको थियो । कार्यक्रममा संस्थाका पोखराको सेरोफेरोमा रहेका सेवाकेन्द्रका सन्चालिका तथा समर्पित सदस्य सहित कुल १०० जना सहभागी भएर संस्थाका अध्यक्ष राजयोगिनी परिणीता दिदीको हातबाट रक्षासूत्र ग्रहण गरेका थिए । श्रावण २७ गते शुक्रबारको दिन संस्थाका पोखरामा रहेका २२ वटा सेवाकेन्द्र सहित देशभरी रहेका करिब ९०० सेवाकेन्द्रहरुमा भव्य रुपले जनसमुदायलाई रक्षा सूत्र ग्रहण, आध्यात्मिक प्रवचन एवम् अवगुण दान आग्रह तथा प्रसाद वितरण कार्यक्रम गर्ने तयारी गरिरहेको जानकारी संस्थाका महासचिव राजयोगी ब्र.कु. शैलेषराज बरालले दिनुभयो । कार्यक्रममा संस्थाको लवलीहिल शाखा सञ्चालिका ब्रह्माकुमारी सुधा दिदीले रक्षाबन्धन पर्वको आध्यात्मिक रहस्यमाथि प्रकाश पार्नुभएको थियो भने कार्यक्रमको कुशल सञ्चालन नयाँबजार क्षेत्रीय कार्यालय सञ्चालिका ब्रह्माकुमारी शोभा दिदीले गर्नुभएको थियो ।

# मैदिपाखो सामुदायिक वनको पैह्रोमा वृक्षारोपण

पोखरापत्र संवाददाता
पोखरा, २५ साउन

सातौ राष्ट्रिय सामुदायिक दिवसको अवसरमा पोखराका तीन वटा वडालाई समेटेको मैदिपाखो सामुदायिक वनमा पहिरो गएको स्थानमा बुधबार वृहत वृक्षारोपण कार्यक्रमको आयोजना गरियो ।




२०७६ साल भदौमा गएको पहिरोमा सामुदायिक वन उपभोक्ता महासंघ नेपाल कास्कीको समन्वय एवम मैदिपाखो सामुदायिक वन उपभोक्ता समुहको आयोजनामा बाँस, तेजपात, अमला लगायतका चार समय भन्दा बढी विरुवा रोपिएको हो । सामुदायिक वन उपभोक्ता महासंघ नेपाल केन्द्रीय सदस्य एवमं प्रचार विभाग प्रमुख हरिप्रसाद बास्तोलाले तेजपातको विरुवा रोपेर कार्यक्रमको शुभारम्भ गर्दै रोपिएका विरुवाको संरक्षण गर्नु हामी सवैको दायित्व भएको बताउनुभयो । सामुदायिक वनबाट प्राकृतिक श्रोत काठलाई मात्र आम्दानीको श्रोतका रुपमा हेर्न नहुने बताउँदै उहाँले काठको विकल्परुपमा सम्भाव्यता अध्ययनका आधारमा कृषि उत्पादनसंगै पर्यापर्यटनको विकास गरेर थप आयअर्जन गर्नेतर्फ लाग्नु पर्नेमा जोड दिनुभयो ।

सामुदायिक वनको संस्थागत सुदृढिकरण,पारदर्शिता र प्रभावकारी रुपमा संञ्चालन गर्ने र अगुमन,नियमन र सहजिकरण स्थानीय सरकारले गर्ने कानूनी व्यवस्थालाई कार्यान्वयन गर्ने हो भने वन विकासमा थप जोड पुग्ने विश्वास व्यक्त गर्नुभयो । पोखरा महानगरपालिकाका २८ का वडा सदस्य विरेन्द्र भण्डारीले सामुदायिक वनको विकास र थप उपयोगका लागि वडास्तरवाट सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । सामुदायिक वन उपभोक्ता महासंघ नेपाल कास्कीका अध्यक्ष विश्वनाथ लामिछानेले सिन्दुपाल्चोकको ठोकर्पा सामुदायिक वनबाट २०३० साल साउन २५ शुरु भएको दिनलाई लोकतान्त्रिक सरकारले सामुदायिक वन दिवसका रुपमा मनाउन शुरु गरेको जानकारी दिनुभयो । समुहका अध्यक्ष भोलानाथ त्रिपाठीको अध्यक्षतामा भएको कार्यक्रममा सामुदायिक वन महासंघ गण्डकी प्रदेश सचिवालय सदस्य दिनेश श्रेष्ठ, मैदापोखो सामुदायिक वन उपभोक्ता समुहका उपाध्यष भरतराज न्यौपाने लगायतले वनको विकास र उपभोक्ताले पुऱ्याएको योगदानकाबारेमा प्रकाश पार्नुभएको थियो ।

पोखरा २८,२९ र ३० पर्ने ५२ हेक्टर क्षेत्रफल फैलिएको सो सामुदायिक वन समुहमा १२ सय उपभोक्ता आवद्ध रहेको समुहका सचिव आशमाया गुरुङले जानकारी दिनुभयो ।

# भष्ट्रचार र महङ्गी बिरुद्ध एमाले सडकमा

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २५ साउन

नेपालको प्रतिपक्षीदल नेकपा एमाले सरकारले गरेको भष्ट्रचार र महङ्गी बिरुद्ध सडक आन्दोलन शुरु गरेको छ।

गण्डकी प्रदेशका सबै स्थानीयतहका मुख्य बजारमा पालिका कमिटीको आयोजनामा बिरोधसभा सुरु गरेको हो । गठबन्धन सरकारले देश र प्रदेशमा भष्ट्रचार र महङ्गी बढाएको आरोप लगाउदै प्रतिपक्षीदल नेकपा एमालेले सडक आन्दोलनबाट बिरोध शुभारम्भ गरेको जनाएको छ । नेकपा एमालेको गण्डकी प्रदेश कमिटीको निर्देशन अनुसार नेकपा एमाले स्याङ्जाले पनि जिल्लाका ११ ओटै पालिकाका मुख्य बजारमा बिरोधका कार्यक्रम सम्पन्न गरेको छ।




गण्डकी प्रदेश सरकारले जनताको भावना विपरीत मालपोत र सवारीकरमा लगाईको बृद्धिले प्रदेशका नागरिक मारमा परेको भन्दै सडक आन्दोलन गर्नुपरेको एमाले जिल्ला कमिटी सचिव राजेन्द्र डुम्रेले बताए । जिल्लाका ११ ओटै पालिकाको आयोजनामा बिरोधका कार्यक्रम भएको उनले बताए। 'अति बढ्यो महङ्गी र भष्ट्रचार, जनतामारा गठबन्धन यो सरकार' भन्ने नारा सहित हातहातमा सरकारले गरेका विभिन्न निर्णयहरु फिर्ता गर भन्ने नेमप्लेट बोकेर कार्यकर्ताहरु बिरोध कार्यक्रममा सहभागी भएका थिए।

मुख्यमन्त्री, अर्थमन्त्री, शिक्षामन्त्री राजीनामा दे, मालपोत र सवारीमा बृद्धि गरिएको कर फिर्ता गर, राष्ट्रघाती नागरिक विद्ययेक फिर्ता गर, भष्ट्रचारी गठबन्धनको अन्त्य गरौ जस्ता नारा बिरोधसभामा लगाईएको थियो । गठबन्धन सरकारका कारण नेपाली जनता चर्को महङ्गीको मारमा परेको भन्दै हरेक बिषयमा भएको मुल्यबृद्धि गर्नुपर्ने माग नेकपा एमाले स्याङ्जाले राखेको छ। यो सांकेतिक बिरोधसभा मात्रै हो वालिङको विरोधसभामा सम्वोधन गर्दै एमाले सचिव डुम्रेले भने,'मुलुकको राजनीतिलाई भागबण्डाको आधारमा संचालन गर्न पाइदैन।' नेतामुखी राजनीति होइन, जनमुखी राजनीति आजको आवश्यकता हो उनले भने । जनताले लडेर ल्याएको गणतन्त्रलाई सिध्याउने खेलमा गठबन्धन सरकार लागेको भन्दै यसको भण्डाफोर गर्नु जरुरी रहेको उनको भनाई थियो। नेकपा एमालेले भष्ट्रचार र महङ्गी बिरुद्ध पालिका, प्रदेश, क्षेत्र हुदै जिल्लास्तरीय कार्यक्रम गर्ने जनाएको छ । सरकार जनताको आवश्यकता भन्दा पनि नेता र पार्टीको व्यवस्थापनमा भुलेको आरोप एमाले स्याङ्जाका अध्यक्ष सुर्यप्रसाद गैह्रेले लगाएका छन् । बिरुवा गाँउपालिकाले आयोजना गरेको बिरोधसभामा बोल्दै अध्यक्ष गैह्रेले गठबन्धन सरकार विरुद्ध जनता जाग्ने बेला आएको बताए। जिल्लाका हरेक पालिकामा सयौको संख्यामा एमालेका अगुवा कार्यकर्ताहरु केन्द्रीय र गण्डकी प्रदेश सरकार विरुद्ध सडकमा आएको दावी एमाले स्याङ्जाले गरेको छ।

गण्डकी प्रदेश सरकारले करमा बृद्धि गरेको बिरोधमा नेपाली काँग्रेस गण्डकी प्रदेशले पनि बिरोध जनाएको छ भने यातायात व्यवसायीहरुले सवारी कर फिर्ता गर्न आन्दोलन गर्दै आएका छन्।

# संघीयताको..

बताए। शिक्षा, स्वास्थ्य, सरसफाई र समग्र मानव विकासको क्षेत्रमा प्रदेशका उपलब्धिहरु राष्ट्रिय औषतभन्दा माथि रहेको उनको दाबी थियो । उनले पहिलो आवधिक योजनाको समीक्षा गरी यसको प्राथमिकता पुनर्लेखन गर्ने र स्थानीय तहलाई योजनावद्ध आर्थिक विकासमा मद्धत गर्ने कार्यलाई प्रदेश सकरारले निरन्तरता दिने प्रतिबद्धता समेत जनाए।

निकट भविष्यको आम निर्वाचनलाई ध्यानमा राखेर प्रदेश सरकारले निर्धारित कार्यक्रमहरु समयमा नै सुरु गर्ने वातावरण निर्माण गर्नका लागि प्रतिवद्ध रहेको मुख्यमन्त्री पोखरेलले बताए।

यसका अतिरिक्त संघीयता कार्यान्वयन र अधिकार प्राप्तिमा लागि स्थानीय तह र प्रदेशले एक साथमा आवाज उठाउन जरुरी रहेको उनले बताए। उनले भने, प्रदेशसँग स्थानीय तहका र स्थानीय तहसँग प्रदेश तहका समस्या छन् भने यस्तै फोरमको प्रयोग गरेर समाधानका उपाय खोज्न सकिन्छ । आखिर हाम्रो साझा लक्ष्य भनेकै समृद्ध नेपाल सुखी नेपाली नै त हो। आर्थिक वर्षको अन्त्यमा बजेट निकासाको समस्या देखिएको र यसबाट प्रदेश र स्थानीय तह दुवै प्रभावित भएकाले यसको गाँठो फुकाउन जरुरी रहेको भनाइ उनले राखे । बजेट कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयहरुले कार्यविधि बनाएर काम सुरु गरिहाल्न उनले सचिवहरुलाई निर्देशन समेत दिए। बेरुजु फर्स्यौट र अबका काममा बेरुजु हुन नदिनतर्फ पनि ध्यान दिन उनले आग्रह गरे । स्थानीय निर्वाचन सम्पन्न भएर नयाँ जनप्रतिनिधिहरुले स्थानीय तहको नेतृत्व लिनु भएको सन्दर्भमा आयोजित यो पहिलो बैठकले स्थानीय तहले झेल्नु परेका समस्याको समेत पहिचान गरी ती समस्या समाधानको उपाय समेत खोजिएको छ।

बैठकमा नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्लेले प्रदेशका मुख्य सूचकहरुबा बारेमा प्रस्तुति राखे । साथै प्रदेशका सबै मन्त्रालयलहरुले आफू र आफू मातहतका निकायले गत आर्थिक वर्षमा सम्पादन गरेका कामहरुको फेहरिस्त, मुख्य उपलब्धि, भोग्नु परेका समस्या र उक्त समस्या समाधान गर्नका लागि सम्पादन गर्नुपर्ने कार्यहरुको विवरण पेश गरेका छन् । साथै पालिका र जिल्लाका समन्वय समितिले समेत आफ्ना उपलब्धि, अनुभव र अप्ठ्याराहरु प्रस्तुत गरेका छन्।

# तेक्वान्दोको...

हस्तान्तरण गरिएको नेपाल तेक्वान्दो संघ गण्डकी प्रदेशका अध्यक्ष जगन गुरुङले बताए।

गण्डकी प्रदेशका युवा तथा खेलकुद मन्त्री राजिव गुरुङले २ लाख ८० हजार मुल्य बराबरको खेल सामाग्रि हस्तान्तरण गरेका हुन्। कार्यक्रममा बोल्दै मन्त्री गुरुङले नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई सफल पार्न सबै खेल संघहरु सक्रिय हुनु पर्ने बताए। तेक्वान्दो खेलको लागि अत्याधुनिक सेन्सर सिस्टम उपलब्ध गराउने मन्त्री गुरुङले वचन दिए । यसैबिच, नेपाल तेक्वान्दो संघको कार्यक्रम अनुसार गण्डकी प्रदेशका रेफ्रिहरुको लागि यही साउन २२ देखि २५ गतेसम्म पोखरामा संचालन भएको रेफ्रि रिफ्रेसर तथा सेमिनारमा सहभागि प्रशिक्षकहरुलाई समेत मन्त्री गुरुङले प्रमाण पत्र वितरण गरेका थिए । संघका केन्द्रिय अध्यक्ष प्रकाशशंसेर राणाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा संघका महासचिव दीपराज गुरुङ, गण्डकी खेलकुद परिषदका उपाध्यक्ष धोजकुमार गुरुङ, संघ गण्डकीका अध्यक्ष जगन गुरुङ लगायतले वोलेका थिए । उक्त प्रशिक्षणमा चितवन सहित ७ जिल्लाका ५६ जना सहभागि भएको संघले जनाएको छ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

**सम्पादकीय**

# सरकारको आँखा खुलाउँ

जनताको ढाड सेक्ने गरी उपभोग्य वस्तुमा मूल्यवृद्धि भए पनि त्यसतर्फ सरकारको ध्यान पुग्न सकेको छैन । गण्डकी प्रदेश सरकारले सवारीसाधन नविकरण होस या अंशबण्डामा भारी कर लगाइएको छ । जनतालाई राहत दिने र जनताको चुल्हो बल्नसक्ने अवस्था बनाउने काम सरकारको हो । नजिकैको सरकारको औचित्य देखाउन जनताको काम छिटोछरितो होस भन्नेछ । तेलको मूल्य घटबढ हुँदा सामान्यतः समायोजन गर्ने चलन रहे पनि त्यसो नगरिएको, राष्ट्रियसभाको विशेष समयमा सांसद खिमलाल भट्टराईले नियमतः यो समायोजन हुनुपर्ने हो, यस बारेमा सरकारको ध्यान छैन, अरू वस्तुको मूल्य वृद्धि हेर्ने हो भने जनताको ढाड सेकिएको छ, एक वर्षमा एक सय १७ प्रतिशतसम्म मूल्य वृद्धि भएको छ ।

डिजेलमा ७१, पेट्रोलमा ५४, ग्यासमा २६, चामलको पीठोमा समेत मुल्य बढेको छ । जनताले उपभोग गर्ने खाद्यान्नमा मूल्यवृद्धिले ढाड सेकिएको र जनतामा गरिबी बढ्दा विभिन्न आपराधिक गतिविधि बढेकोतर्फ पनि सरकारको ध्यानाकर्षण हुनुपर्ने हो । लोकतन्त्रमा सबैभन्दा ध्यान दिनुपर्ने कुरा जनताको समस्या भए पनि त्यसतर्फ सरकार गम्भीर हुन नसक्नु वडम्बना हो । एक/एक गरेर छानबिन गर्दै त्यसमा आफ्नो पार्टीले कुनै गल्ती नगरेको जिकिर गरेका छन । चर्को महँगी भोगिरहेका उपभोक्ता भने १४ प्रतिशतसम्म पुग्ने अनुमान छ। नेपाल राष्ट्र बैंकले गरेको एक सर्वेक्षणमा उपभोक्ताले यस्तो अनुमानित जवाफ दिएका थिए । अहिले तरकारीदेखि खाद्यान्नसम्म सबैको भाउ छोइसक्नु छैन । सामान्यतः बेमौसमी तरकारीको मूल्य महँगो र मौसमी तरकारीको मूल्य सस्तो हुनुपर्ने हो । तर, बजारमा मौसमी तरकारी नै दोब्बरले महँगो भएको छ ।

गत वर्षभन्दा खाद्यान्न, तरकारी, फलफूल, लुगाफाटोको मूल्य दोब्बरले बढेको छ । आम सर्वसाधारणलाई बाँच्नै मुस्किल परिसकेको अवस्थामा विपक्षी नेकपा एमालेले महंगीको विरोधमा सडकमा प्रदर्शन गरेको छ । अझ तीज, दसैं, तिहार, छठलगायत चाडपर्व नजिकिँदै छन् । त्यतिबेला महँगी झनै बढ्न सक्ने चिन्तामा उपभोक्ता छन् । प्राकृतिक र कृत्रिम दुवै खाले महँगीको भार उपभोक्ताले व्यहोरे पनि सरकार भने अन्देखा गरिरहेको छ ।

छ दलीय गठबन्धन सरकारमा रहेका दलहरु जनताको ढाड सेक्दा चुप हुनु दुखलाग्दो अवस्था हो । महँगीले आकाश छुँदा पनि सरकारी निकायबाट अनुगमन छैन । बजार अनुगमन पनि चाडबाडको बेला मात्रै 'फेसेनेवल' हुने गरेको छ । प्रणालीगत रूपमा नचलेको देश भएकाले नेपालमा मूल्यवृद्धि मनपरी भएको र मूल्यको वैज्ञानिक मापदण्ड तथा संयन्त्र बनाउन चासो छैन । जस्ले सक्छ लुटको अवस्था विरुद्ध नागरिक नै सडकमा आउन सके मात्र सरकारको आँखा खुल्ने छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| ककर्ट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जग्गा छ पार्किङ सुविधा छैन

**रासस**
**बागलुङ, २५ साउन**

बागलुङ बजारस्थित आवारोडमा रहेको नेपाल टेलिकममा लथालिङ्ग जग्गा छ । पार्किङको सुविधा पर्याप्त भए पनि कार्यालय समयमा पार्किङ ढोका खुल्दैन ।

कार्यालयका कर्मचारी र छिमेकका सवारीधनीलाई मात्रै पार्किङ सेवा दिँदै आएको टेलिकम कार्यालयले सेवाग्राहीलाई भने पार्किङ सुविधा दिँदैन ।

नेपाल टेलिकममा गएका सेवाग्राहीले बाहिर सडकमै मोटरसाइकल तथा कार पार्किङ गरेर सेवा लिँदा ट्राफिक व्यवस्थापनमा भने समस्या हुने गरेको छ । नेपाल टेलिकम मात्रै होइन जिल्ला प्रशासन कार्यालयलेसमेत सेवाग्राहीलाई पार्किङ सुविधा दिँदैन । जिल्ला प्रशासनमा झण्डै दुई रोपनी जग्गा पार्किङका लागि भए पनि सुरक्षा निकायदेखि भिआइपी सवारीका लागि मात्रै पार्किङ उपलब्ध हुन्छ ।

प्रशासनमा पुगेका सेवाग्राहीको सवार ीसाधन सडकमै हुने गरेका छन् । यी दुई सरकारी कार्यालय त उदारण मात्रै हुन् । पर्याप्त जग्गा भएरसमेत सेवाग्राहीलाई पार्किङ सेवा नदिने कार्यालयमा जिल्ला मालपोत कार्यालय, विद्युत् कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई, नापी कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय र जलस्रोत तथा सिञ्चाइ डिभिजन कार्यालयकोपार्किङढोकासमयमै खुल्दैनन् । विद्युत् कार्यालयको भित्र पार्किङस्थलमा त झनै ब्याडमिन्टन खेलका लागि प्रयोग हुँदै आएको छ । सेवाग्राहीलाई पार्किङका लागि स्वास्थ्य कार्यालय र आन्तरिक राजस्व लगायतका केही थोरै कार्यालयले मात्रै पार्किङ सुविधा दिँदै आएका छन् । साँघुरो बागलुङ बजारमा पार्किङ व्यवस्थापन जटिल बन्दै गएपछि बागलुङ नगरपालिकाले पार्किङ सुविधा भएका कार्यालयलाई पार्किङ सेवा दिन आग्रह गरेको भए पनि सरकारी कार्यालयले अटेरी गरिरहेका छन् । नगरपालिकाले सुरुआती चरणमा भएका सरकारी कार्यालयले पार्किङ सुविधा दिने र अन्य बैंकलेसमेत विस्तारै पार्किङको व्यवस्थापन गर्न बागलुङ नगरपालिकाले दुई महिनाअघि अनुरोध गरेको नगरपालिकाका उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो । तर नगरपालिकालेगरेको आग्रहलाई सरकारी कार्यालयले अटेरी गरेका छन् । "पार्किङ व्यवस्थापनका लागि नगरपालिकाले विभिन्न योजना अघि सारेको छ, जसमध्ये सरकारी कार्यालयले भएको जग्गामा पार्किङ सुविधा दिन आग्रह गर्ने, पार्किङस्थलको खोजी गर्ने तथा निजी क्षेत्रसँग सहकार्य गरेर भए पनि पार्किङ सेवा दिने भन्ने हो", उपप्रमुख खड्काले भन्नुभयो "हामी अहिले अध्ययनमै छौँ, तर सरकारी कार्यालयका सेवाग्राहीलाई पार्किङ सेवा नदिँदा सडकमै सवारी पार्किङ गर्दा समस्या आएको गुनासो छ ।" भएको जग्गामा पार्किङ सुविधा नदिएको विषयमा विद्युत् कार्यालयका निमित्त प्रमुख प्रकाश काफ्लेले कार्यालयमा जग्गा अभाव भएको बताउनुभयो। उहाँले कार्यालयमा भएको जग्गामा विद्युतीय सामाग्री राख्न समस्या हुने बताउँदै विद्युत् कार्यालयमा कार्यालयका अत्यावश्यक सवारी आउजाउ गर्दा समस्या भएकाले पार्किङ सेवा नदिएको बताउनुभयो । तर कार्यालयमा ब्याडमिन्टनकोटसमेतबनाइएको छ । बागलुङ नगरपालिकाले सरकारी कार्यालय, ठूला होटल तथा उद्योगले सकेसम्म पार्किङ सेवा दिनेगरी नीति बनाउन थालेको छ । खासगरी सेवाग्राहीको भीडभाड हुने जिल्ला प्रशासन, नेपाल टेलिकम, मालपोत कार्यालय, नापी कार्यालयले भएको पार्किङ सुविधासमेत सेवाग्राहीलाई नदिँदा बागलुङ बजारमा ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण देखिएको छ ।

अहिले एकातर्फी पार्किङले बागलुङ बजारको ट्राफिक जाम केही हदसम्म नियन्त्रणमा आए पनि दीर्घकालीन व्यवस्थापन भने हुन सकेको छैन । जिल्ला ट्राफिक कार्यालय बागलुङले पार्किङ सेवा दिन सक्ने कार्यालय, बैंक तथा वित्तीय संस्थालाई सहजीकरण गरिरहेको जिल्ला ट्राफिक कार्यालय बागलुङका प्रमुख राजकुमार केसीले बताउनुभयो । केसीले सबैको समन्वयमा मात्रै सहज ट्राफिक व्यवस्थापन हुने बताउनुभयो ।

# अर्जुनचौपरीमा माछापुच्छ्रे बैंकको १६८ औ शाखा

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, २५ साउन**



माछापुच्छ्रे बैंकले १६८ औं शाखा अर्जुनचौपारी गाउँपालिका १ मा सुरुवात गरेको छ । बैकले १६८ औ शाखा रहित बैकिङ् सेवा सुचारु गरेको बैंकका डिजिटल बैकिङ् नायब प्रमुख बिनय रेग्मीले जानकारी दिए ।

एक डिभाइसको माध्यमबाट शाखा रहित बैकिङ् सेवाले रेमिट्यान्स पाउन, खाता खोल्न, पैसा जम्मा तथा झिक्न र लगानी गर्नुका साथै फोन पे सेवा समेत दिनेछ । ८० प्रतिशत वित्तिय सेवा प्रवाह दिने उदेश्यले सुरु गरिएको यो बैंक कर्मशियलका रुपमा दोस्रो हो । यस भन्दा अगाडी राष्ट्रिय बाणिज्य बैंकले सेवा दिदै आएको थियो । बैंकको शुभारम्भ गर्दै गाउँपालिका अध्यक्ष प्रकाश तिवारीले छिटो र छरितो बैकिङ् सेवा दिने उदेश्यले शाखा रहित सेवा पालिकामा ल्याएको बताए । हरेक गरिब तथा निम्न आयस्तर भएका नागरिकलाई शेयरबजारको माध्यमबाट आर्थिक आर्जन गराउने उदेश्य आफ्नो रहेकोले अध्यक्ष तिवारीले अर्जुनचौपारीको माछापुच्छ्रे बैकको बैकिङ् सेवामा डिम्याट खाता खोल्न र आइपिओ भर्न कुनै थप पैसा खर्च गर्न नपर्ने बताए । बैंकका सीबीओ अजय आचार्यले शाखा रहित बैकिङ् सेवा सरल र सहज सेवा हुने बताउदै बैकिङ् प्रतिनिधीले घर घरमा पुगेर सेवा दिन सक्ने विश्वास दिलाए । शुभारम्भ कार्यक्रममा उपाध्यक्ष सपना गुरुङ्, वडा अध्यक्ष रण बहादुर थापा, बैकिङ् सेवाका प्रतिनिधी टोप बहादुर क्षेत्रीले ग्रामिण क्षेत्रमा बैकिङ् सेवा पाउनु पनि महत्वपुर्ण हुने बताए । यसै विच बैंकले भीरकोट नगरपालिका १ छाङछाङदी मन्दिरमा क्युआरपे मार्फत दान दिन मिल्ने ब्यवस्था गरिएको छ । माछापुच्छ्रे बैक वालिङ शाखाले मन्दिर ब्यवस्थापन समितिको सहकार्यमा क्युआरपे मार्फत दान दिन मिल्ने ब्यवस्था गरेको हो ।

क्युआरपेको शुभारम्भ गर्दै भीरकोट नगरपालिका प्रमुख गोबिन्द कुमार कर्माचार्यले क्युआरपे राखेर बैकले धार्मिक स्थलमा दान गर्न सहज बनाएकोमा बैंकप्रति आभार व्यक्त गरे । बैकले दर्शनार्थीले गरेको दान नबिग्रियोस र पारदर्शी बनोस भन्ने हेतुले क्युआर पे मन्दिरमा राखेको बैकका शाखा रहित बैकिङ् सेवाका इन्चार्ज बिकास श्रेष्ठले बताए । अबिर र पानीले राज्यको ढुकुटी बिग्रने देखेर मन्दिरमा क्युआरपे कार्यक्रम बैकले अगाडी सारेको श्रेष्ठले बताए ।

# तनहुँको पूर्वी खण्डमा ५७ करोड खर्च

**पोखरापत्र संवाददाता**
**दमौली, २५ साउन**

पृथ्वीराजमार्ग अन्तर्गत मुग्लिन पोखरा सडक विस्तार योजना अन्तर्गत तनहुँको पूर्वी खण्डमा रु ५७ करोड भन्दा बढी खर्च भएको छ । जिल्लाको आँबुखैरेनीदेखि जामुनेसम्मको खण्डमा एक वर्षको अवधिमा रु ५७ करोड चार लाख ४२ हजार ९६ खर्च भएको छ । आर्थिक वर्ष २०७८/७९ मा उक्त खण्डका लागि रु दुई अर्ब ५१ करोड ४७ लाख ८२ हजार विनियोजन भएको थियो।सडकयोजनालेआँबुखैरेनीदेखि जामुनेसम्मको सडक विस्तारका लागि काम गरिरहेको योजना प्रमुख नरेन्द्र सुवेदीले जानकारी दिनुभयो ।

उहाँका अनुसार उक्त खण्ड अन्तर्गत विभिन्न ठाउँमा भित्ता काट्ने काम भइरहेको छ, भने सडक चौँडा पार्ने काम पनि निरन्तर चलेको छ । उक्त खण्ड अन्तर्गत सडक दायाँबायाँका रुख कटान गरिएको छ । तनहुँ खण्डमा मात्रै छ हजार ५०० रुख कटान गरिएको छ । विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडीबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । ८० किलोमिटर सडकलाई दुई खण्डमा विभाजन गरेर ठेक्का लगाइएको छ । आँबुखैरेनी-जामुने पूर्वी खण्डको ४१.४५ किलोमिटर सडक स्तरोन्नतिको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । जामुने-पोखरा पश्चिम खण्डको ३९ किलोमिटरको ठेक्का चिनियाँ कम्पनी यनहुइ काइयुआन हाइवे एन्ड ब्रिज कम्पनीले पाएको छ । मुग्लिन पोखरा सडक योजना (आँबुखैरेनी-जामुने) पूर्वी खण्ड रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा ठेक्का लागेको हो ।

चार लेनको बन्दा सडक सीमा दुईतर्फी २५/२५ मिटर हुनेछ। बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ । डिजाईन अनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ। दुलेगौँडादेखि खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौँडादेखि पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ। जामुनेदेखि कोत्रेसम्म (पश्चिम खण्ड) तर्फ १३८ संरचना हटाउनका लागि मुआब्जा प्रक्रिया सुरु भएको छ । जामुनेदेखि कोत्रेसम्मका व्यक्तिगत तथा सार्वजनिक घर टहरा, पर्खालिलगायतका संरचना हटाउन रु दुई करोड ४५ लाख ३९ हजार ६३३ मुआब्जा वितरण गर्न लागिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैह्रेको संयोजकत्वमा गठित उपसमितिले म्याग्दे गाउँपलिकाको जामुनेदेखि शुक्लागण्डकी नगरपालिकाको कोत्रेसम्मका एक सय ३८ वटा संरचनाको क्षतिपूर्ति रकम वितरण गर्ने निर्णय गरेको छ । एसियाली विकास बैंकको 'सेफगार्ड पोलिसी स्टेटमेन्ट' अनुसार आयोजना प्रभावितलाई क्षतिपूर्ति रकम दिएर मात्र हटाउनुपर्ने व्यवस्था भएकाले मुआब्जा वितरण गर्न लागिएको जनाइएको छ । आयोजना कार्यान्वयनमा आइपर्ने गुनासोको सुनुवाइ गर्नका लागि आयोजनाको दस्तावेज (पुर्नवास योजना) बमोजिम कार्य गर्न सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गुनासो सुनुवाइ समिति गठन गरिएको छ । समितिको सदस्यमा आयोजना प्रमुख, शुक्लागण्डकी नगरपालिकाका प्रतिनिधि, म्याग्दे गाउँपालिकाका प्रतिनिधि, आयोजनाको परामर्शदाताका वातावरण विज्ञ र सामाजिक विज्ञ रहनुभएको छ ।

# छ अर्बको स्याउ आयात : मुस्ताङको स्याउलाई 'कोल्डस्टोर'

**रासस**
**गलेश्वर, २५ साउन**

रसिला र स्वादिला स्याउको राजधानी मानिने हिमालपारिको जिल्ला मुस्ताङमा उत्पादन हुने मुस्ताङी स्याउ भण्डारणका लागि 'कोल्डस्टोर'को व्यवस्था भएपछि नेपाली उपभोक्ताहरूले बेमौसममा पनि मुस्ताङी स्याउ खान पाउने भएका छन् ।

मुस्ताङका स्याउ उत्पादक कृषकहरूले आर्थिक वर्ष २०७७/७८ मा 'एप्पल जोन'को ५० प्रतिशत अनुदानमा कोल्डस्टोर खरिद गरेर स्याउलाई सुरक्षित भण्डारण गर्न थालेपछि बेसिजनमा पनि स्याउ खान पाइने भएको हो । मुस्ताङ घरपजोङ गाउँपालिका-५ का कर्म गुरुङले रु १६ लाखको कोल्डस्टोर खरिद गरेर स्याउलाई सुरक्षित भण्डारण गर्दै आउनुभएको छ। उहाँले एप्पल जोन कार्यक्रमबाट रु आठ लाख अनुदान पाएपछि रु आठ लाख थपेर कोल्डस्टोर खरिद गरेको जानकारी दिनुभयो । "कोल्डस्टोर नहुँदा बिक्री नभएका स्याउहरू कुहिएर खेर जाने र लामो समयसम्म राख्न नहुने समस्या हुन्थ्यो तर अब त्यो समस्या हटेको छ", उहाँले भन्नुभयो । सरकारले मुस्ताङलाई स्याउ जोनका रूपमा परिभाषित गरी अनुदानका कार्यक्रम उपलब्ध गराउन थालेपछि सो जिल्लाका स्याउ कृषकहरू हौसिएका छन् । मल, बिरुवा, कोल्डस्टोर, ढुवानी तथा औषधी खर्च अनुदानमा प्राप्त गर्न थालेपछि स्याउ उत्पादक कृषकहरूलाई सजिलो भएको किसान गुरुङले बताउनुभयो । स्याउका लागि मल खरिद गर्न आफूले यो वर्ष कृषि ज्ञान केन्द्रबाट रु १७ हजार, एक हजार पाँच सय स्याउका बिरुवाहरू र ढुवानी तथा औषधोपचारका लागि भनेर रु ३५ हजार पनि अनुदान पाएको उहाँको भनाइ छ। मुस्ताङको एक हजार दुई सय हेक्टर जमिनमा अहिले व्यावसायिकरूपमा स्याउ खेती गरिएको छ । करिब छ सय हेक्टर जमिनमा रहेका बोटबाट किसानले उत्पादन लिन थालेका र बाँकी सात हेक्टर जमिनमा नयाँ बिरुवा लगाइएको कृषि ज्ञान केन्द्रले जनाएको छ । मुस्ताङमै स्याउका बिरुवासमेत उत्पादन हुन थालेपछि सजिलो भएको किसानहरूको भनाइ रहेको छ। यहाँ पाउने स्याउ धेरै प्रजातिका छन् । रङ्गको हिसाबले सेतो र रातो स्याउ मुस्ताङमा पाइन्छन् ।

२०२३ सालमा मुस्ताङको मार्फामा बागवानी केन्द्र स्थापना भएपछि मुस्ताङमा स्याउ खेतीप्रति आकर्षण बढेको हो । सोही केन्द्रसँगको सम्पर्कमा आएका किसानले काश्मिरे स्याउको प्रतिस्थापन गर्न मुस्ताङमा स्याउ फलाउन थाले । मुस्ताङबाट सुरु भएको स्याउखेती अहिले देशभर फैलिएको छ । मुस्ताङ जिल्लामा स्याउ उत्पादन गर्न कठिन नभए पनि बजारीकरणका लागि यातायातको निकै समस्या रहेको स्याउ कृषक टीका शेरचनले बताउनुभयो । "सरकारले पछिल्लो समय अनुदान वृद्धि गरेर सजिलो त भएको छ तर, कठिन भूगोलका कारण ढुवानी र बजारीकरणमा समस्या छ", शेरचनले भन्नुभयो ।

हिमालपारिको जिल्ला मुस्ताङलाई देशका विभिन्न सहरहरूसँग जोड्ने एक मात्र स्थलमार्ग बेनी-जोमसोम सडक स्तरोन्नतिकै चरणमा रहेकाले ढुवानीका लागि सजिलो नभएको कृषकहरूको गुनासो छ । मुस्ताङमा हिउँ पहिरो जाने, पहिरो र बाढीका कारण सडक अवरुद्ध हुने जस्ता समस्याले गर्दा यहाँ उत्पादित स्याउ उपभोक्ताले चाहेको समयमा पाउन नसकेका गुरुङले बताउनुभयो । एक सिजनमा एक सय ५० टनदेखि दुई सय टनसम्म स्याउ उत्पादन गरी बिक्री गर्दै आएको गुरुङले बताउनुभयो ।

स्याउ बिक्रीबाट नै अहिलेसम्म एक करोड जतिको सम्पत्ति जोडेको उहाँको भनाइ छ । कृषि ज्ञान केन्द्रका अनुसार हरेक वर्ष मुस्ताङी किसानले कम्तीमा पनि पाँच हजार पाँच सय मेट्रिकटन स्याउ उत्पादन गर्दै आएका छन् । उत्पादनका हिसाबले ५० देखि ७० करोडको स्याउ मुस्ताङबाट हरेक वर्ष निर्यात हुने गरेको तथ्याङ्क छ । नेपालमा वर्षमा झण्डै छ अर्ब रुपैयाँभन्दा धेरैको स्याउको कारोबार हुने गरेको कृषि मन्त्रालयको तथ्याङ्कले देखाउँछ ।

